25 October 2024

**यो आकाशवाणी हो**

**मुख्य समाचार**

- **द्विपक्षीय सम्बन्धलाई अझ सशक्त बनाउँदै भारत र जर्मनीमाझ विभिन्न सम्झौतामा हस्ताक्षर**
- **झारखण्ड विधानसभा चुनाउको पहिलो चरणको निम्ति मनोनयन पत्र बुझाउने कार्य समाप्त**
- **देशमा स्वास्थ्य सेवा पूर्वाधार सुधार गर्न सरकारले धेरै पहल गरेको श्री नड्डाको भनाई**
- **चक्रवाती आँधीबेहरी दानाले ओडिसाका केन्द्रपारा, भद्रक र बालेश्वर जिल्लामा पुऱ्यायो क्षति**
- **अन्डर-23 कुस्ती विश्व च्याम्पियनसिपमा भारतकी अञ्जलीले जितिन् रजत पदक**
- **जोहोर कप हकीमा भारत र न्युजिल्याण्डको म्याच ड्र, अनि**
- **दोस्रो टेस्ट क्रिकेटमा न्यूजील्याण्ड 301 रनले अघि**

**अब समाचार विस्तारमा**

**भारत-जर्मनी द्विपक्षीय**

भारत र जर्मनीले आज द्विपक्षीय सम्बन्धलाई अझ सशक्त बनाउँदै हरित हाइड्रोजन, नवप्रवर्तन र प्रविधिलगायतका विभिन्न क्षेत्रमा सम्झौता ज्ञापन पत्र र सम्झौताहरूमा हस्ताक्षर गरेका छन्। नयाँ दिल्लीमा प्रधानमन्त्री श्री नरेन्द्र मोदी र जर्मन चान्सलर श्री ओलाफ स्कोल्जको उपस्थितिमा प्रतिनिधिमण्डलस्तरीय वार्तापछि यी सम्झौताहरू आदानप्रदान भएका हुन्।

भारत र जर्मनी गोप्य सूचनाको आदानप्रदान र पारस्परिक सुरक्षामा सहमत भएका छन्। दुवै देशले नवप्रवर्तन र प्रविधिका साथै इन्डो-जर्मन ग्रीन हाइड्रोजन रोडम्यापप्रति आफ्नो प्रतिबद्धता व्यक्त गरेका छन्। दुवै देशले आपराधिक मामिलाहरूमा पारस्परिक कानूनी सहायता सन्धिको लागि सम्झौतामा हस्ताक्षर गरे। दुवै देशले कौशल विकास र व्यावसायिक शिक्षा तथा तालिमको क्षेत्रमा सहयोग गर्ने समझदारीपत्रमा हस्ताक्षर गरेका छन् । यसबाहेक दुवै देशले रोजगारी र श्रम, उन्नत सामग्रीको अनुसन्धान र विकास अनि हरित शहरी गतिशीलता साझेदारीको क्षेत्रमा तीनवटा संयुक्त घोषणापत्र आदानप्रदान गरेका छन्।

पछि, प्रधानमन्त्री श्री नरेन्द्र मोदीले एक संयुक्त प्रेस विज्ञप्तिमा युक्रेन र पश्चिम एसियामा जारी द्वन्द्वको परिप्रेक्ष्यमा शान्ति पुनर्स्थापना गर्न भारतको प्रतिबद्धता दोहोऱ्याउनुभयो। उहाँले यी द्वन्द्व भारत र जर्मनीका लागि चिन्ताको विषय भएको र युद्धबाट समस्या समाधान हुन नसक्ने भारतले सधैं विश्वास गरेको बताउनु भयो। जर्मन चान्सलर श्री ओलाफ स्कोल्जले आफ्नो वक्तव्यमा जर्मनी र भारतबीचको रणनीतिक साझेदारीको उल्लेख गर्दै दुवै देश नवप्रवर्तन, गतिशीलता र स्थिरताका साथ अगाडि बढिरहेको बताउनुभयो।

श्री स्कोल्जले भन्नुभयो, जर्मनी युरोपियन युनियनमा भारतको सबैभन्दा महत्त्वपूर्ण व्यापार साझेदार भएको छ र आर्थिक सहयोगलाई अझ बलियो बनाउन प्रतिबद्ध छ। उहाँले भारत र युरोपेली संघबीचको महत्वाकांक्षी स्वतन्त्र व्यापार सम्झौतालाई पनि दृढतापूर्वक समर्थन गर्नुभयो।
पछि, दुवै नेताले अन्तरसरकारी परामर्शदात्री समूह IGC को सातौं बैठकको सहअध्यक्षता गर्नुभयो।

IGC लाई सम्बोधन गर्दै प्रधानमन्त्री श्री नरेन्द्र मोदीले सन् २०२२ मा भएको पछिल्लो IGC बैठकमा दुई देशले द्विपक्षीय सहयोग अभिवृद्धि गर्न धेरै महत्त्वपूर्ण निर्णय गरेको र पछिल्ला दुई वर्षमा रणनीतिक सम्बन्धका विभिन्न क्षेत्रमा उत्साहजनक प्रगति भएको बताउनुभयो। उहाँले रक्षा, प्रविधि, ऊर्जा, हरित र दिगो विकासका क्षेत्रमा बढ्दो सहयोग दुई देशबीच आपसी विश्वासको प्रतीक बनेको बताउनुभयो।

**झारखण्ड - नामांकन**

झारखण्ड विधानसभा चुनाउको पहिलो चरणको निम्ति मनोनयन पत्र बुझाउने काम आज पूरा भएको छ। उम्मेदवारहरूले दिउँसो ३ बजीसम्म मनोनयन दर्ता गरेका थिए। पहिलो चरणमा 13 नोभेम्बरको दिन ४३ निर्वाचन क्षेत्रमा मतदान हुँदैछ। मनोनयनपत्रहरूको जाँच 28 तारिक हुनेछ भने 30 तारिक नाम फिर्ता गर्ने अन्तिम मिति रहेको छ।

यसैबीच, विधानसभा चुनाउको घोषणापछि राज्यका विभिन्न भागमा खोजी कार्यका क्रममा 27 करोडभन्दा बढीको अवैध सामग्री र नगद जफत भएको छ। आदर्श आचारसंहिता उल्लङ्घन गरेको आरोपमा १४ वटा एफआइआर दर्ता भएका छन्।

अर्कोतिर, महाराष्ट्रमा उपमुख्यमन्त्री श्री अजित पवारको नेतृत्वमा राष्ट्रवादी कंग्रेस पार्टी-एनसीपीले विधानसभा चुनाउका लागि आफ्ना सात उम्मेदवारहरूको दोस्रो सूची जारी गरेको छ। 288 सदस्य रहेको महाराष्ट्र विधानसभाको लागि 20 नोभेम्बरमा चुनाउ हुनेछ र मतगणना 23 नोभेम्बरमा हुनेछ।

**समाचार आकाशवाणीबाट सुन्दै हुनुहुन्छ**

**नड्डा - दीक्षान्त समारोह**

केन्द्रीय स्वास्थ्य तथा परिवार कल्याण मन्त्री श्री जगत प्रकाश नड्डाले नरेन्द्र मोदी सरकारले देशमा स्वास्थ्य सेवा पूर्वाधार सुधार गर्न धेरै पहल गरेको बताउनुभएको छ। श्री नड्डाले सरकारले स्वास्थ्य सेवामा समग्र दृष्टिकोण अपनाएको र यो अहिले देशको महत्वपूर्ण क्षेत्र भएको बताउनु भएको छ। उहाँले नयाँ दिल्लीस्थित युनिभर्सिटी कलेज अफ मेडिकल साइन्सेजको ५३औँ स्थापना दिवस एवम् दीक्षान्त समारोहलाई सम्बोधन गर्दै यस्तो विचार राख्नुभएको हो।

श्री नड्डाले भन्नुभयो, पहिले देशमा केवल छवटा अखिल भारतीय आर्युर्विज्ञान संस्थानहरू थिए र हाल यो संख्या बढेर 22 पुगेको छ। उहाँले देशका विभिन्न भागमा एम्सको स्थापना गरेर सरकारले क्षेत्रीय असन्तुलन हटाएर तीन तहका अत्याधुनिक स्वास्थ्य सुविधा उपलब्ध गराएको बताउनुभयो। उहाँले बितेको 10 वर्षमा देशमा मेडिकल कलेजहरूमा एमबीबीएस र स्नातकोत्तरको सिटमा उल्लेख्य वृद्धि भएको बताउनुभयो। श्री नड्डाले सरकारले आगामी ५ वर्षमा थप ७५ हजार मेडिकल सिट थप्ने निर्णय गरेको जानकारी दिनुभयो।

**चक्रवात दाना**

भीषण चक्रवाती आँधीबेहरी दाना गए राति ओडिशाको भितरकनिका राष्ट्रिय निकुञ्ज र धामरा बीचमा ठोकियो। आँधीबेहरीले केन्द्रपारा, भद्रक र बालेश्वर तटीय जिल्लाका धेरै भागहरूमा क्षति पुऱ्याएको छ। दानाले तटीय क्षेत्रमा प्रहार गर्ने प्रक्रिया आज बिहानसम्म चलेको थियो। यसको प्रभावका कारण धेरै ठूला रुख र बिजुलीका पोलहरु ढलेका छन् भने कच्चा घरहरु ध्वस्त भएका छन्। धेरै ठाउँमा धानबालीमा पनि क्षति पुगेको छ। अहिलेसम्म कुनै हताहतको खबर आएको छैन।

ओडिशाका मुख्यमन्त्री श्री मोहन चरण माझीले आज बिहान भुवनेश्वरमा चक्रवातपछिको अवस्थाको समीक्षा गर्नुभयो र प्रभावित जिल्लाका जिल्ला अधिकारीहरूलाई दानाबाट भएको क्षतिको विवरण लिन र रिपोर्ट पेश गर्न निर्देश दिनुभयो। मुख्यमन्त्रीले आज विमानबाट चक्रवात प्रभावित क्षेत्रको अवलोकन पनि गर्नुभयो।

**मन की बात**

प्रधानमन्त्री श्री नरेन्द्र मोदी आउँदो आइतबार 27 अक्टोबरको दिन आकाशवाणीमा 'मन की बात' कार्यक्रममा देश-विदेशका मानिससित आफ्नो विचार साझा गर्नुहुनेछ। यो मासिक रेडियो कार्यक्रमको 115औं शृङ्खला हुनेछ।

**कुस्ती**

अल्बानियाको तिरानामा अन्डर-23 कुस्ती विश्व च्याम्पियनसिप २०२४ मा भारतले एक रजत र एक कास्य पदक जितेको छ। महिला 59 केजी तौल समूहमा भारतकी अञ्जलीले रजत पदक जितिन्।

यसरी नै महिला 68 केजी तौल समूहमा मोनिकाले कास्य पदक जितिन्। यसअघि पुरुष ५५ केजी तौल समूहमा भारतका विश्वजित रामचन्द्र मोरेले कास्य पदक जितेका थिए।

**हकी-जोहोर कप**

मलेशियाको जोहोरमा भइरहेको सुल्तान जोहोर कप हकी प्रतियोगितामा आज भारतीय जूनियर हकी टीमले न्यूज़ील्यान्डसित ड्र खेलेको छ। म्याचमा दुवै दलले 3-3 गोल गरेका थिए। राउण्ड रबिन लीग चरणको समाप्तिपछि र‍ेङ्‌किङ राउण्ड शुरु हुनेछ। भारत 10 अंकसहित तालिकामा शीर्षमा रहेको छ।

**क्रिकेट**

भारत अनि न्यूजील्यान्डमाझ पुणेमा भइरहेको दोस्रो क्रिकेट टेस्ट म्याचमा न्यूजील्याण्ड 301 रनले अघि रहेको छ। आज भारतको पहिलो पारी 156 रनमा समेटिएपछि दोस्रो दिनको खेल समाप्त हुँदा न्युजील्याण्डले दोस्रो पारीमा पाँच विकेट खर्च गरेर 198 रन बनाएर खेलिरहेको थियो। तीन म्याचको सिरिजमा न्युजिल्याण्डले पहिलो टेस्ट जितेर अघिबाटै एक शुन्यको बढत् बनाएको छ।

**अन्त्यमा मुख्य समाचार फेरि एकपल्ट**

- **द्विपक्षीय सम्बन्धलाई अझ सशक्त बनाउँदै भारत र जर्मनीमाझ विभिन्न सम्झौतामा हस्ताक्षर**
- **झारखण्ड विधानसभा चुनाउको पहिलो चरणको निम्ति मनोनयन पत्र बुझाउने कार्य समाप्त**
- **देशमा स्वास्थ्य सेवा पूर्वाधार सुधार गर्न सरकारले धेरै पहल गरेको श्री नड्डाको भनाई**
- **चक्रवाती आँधीबेहरी दानाले ओडिसाका केन्द्रपारा, भद्रक र बालेश्वर जिल्लामा पुऱ्यायो क्षति**
- **अन्डर-23 कुस्ती विश्व च्याम्पियनसिपमा भारतकी अञ्जलीले जितिन् रजत पदक**
- **जोहोर कप हकीमा भारत र न्युजिल्याण्डको म्याच ड्र, अनि**
- **दोस्रो टेस्ट क्रिकेटमा न्यूजील्याण्ड 301 रनले अघि**

आकाशवाणीबाट सुन्दै हुनुहुन्थ्यो समाचार पूरा भयो